Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३९ | वि.सं. २०८३ जेठ ८ शुक्रवार | नेपाल संवत: ११४५, | ज्येष्ठ शुक्ल षष्ठी | Friday 22 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# चार वर्षमा बड्डिचौर–खम्बागाडे सडकको भौतिक प्रगति जम्मा ४० प्रतिशत

**ओम शाही**
**सुर्खेत, ७ जेठ ।**

निर्माण सम्झौता भएको चार वर्ष बित्नै लाग्दा सुर्खेतको बराहताल गाउँपालिका-५, बड्डिचौर बजारबाट सुरु भई पञ्चपुरी नगरपालिकाको खम्बागाडे जोड्ने १३ किलोमिटर सडकले पूर्णता पाउन सकेको छैन । राष्ट्रिय प्राथमिकता प्राप्त मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने यो खण्डलाई कर्णाली प्रदेश सरकारले आफ्नो मातहतमा ल्याएर स्तरोन्तीको कार्य थालेको थियो ।

१४ असार २०७९ मा पूर्वाधार विकास निर्देशनालय सुर्खेत र अनक/जयदेवी जेभी बाँकेबीच सम्झौता भई निर्माण कार्य अघि बढेको थियो । सम्झौता अनुसार ४२ करोड ४७ लाख ६१ हजार रुपैयाँ लागत रहेको यो आयोजना दुई वर्ष अर्थात २०८१ असारसम्म पूर्ण भइसक्नु पर्ने थियो । तर, सम्झौता समाप्त भई म्याद थप भएको दुई वर्षसमेत सकिदा सडकको भौतिक प्रगति जम्मा ४० प्रतिशत हाँसिल भएको छ ।

सडकको क्षेत्राधिकारमा पर्ने रुख र जग्गाभोगाधिकारको टुङ्गो लगाउन संघीय सरकारको ढिलाई र निर्माण व्यवसायीको लापरवाहीले सडक निर्माणको काम चार वर्षपछि धकेलिएको छ । वन सम्बन्धिका कानुनी अल्झन पुरा हुन समय लागेपछि निर्देशनालयले २०८१ असारमा पहिलो पटक २०८३ जेठसम्म म्याद थप गरेको थियो । सुरुमा कानुनी अल्झन देखाएर काम नगरेको निर्माण कम्पनीले सबै खाले बाधा हट्दासमेत सडक स्तरोन्तीको कामलाई सन्तोषजनक गती दिन सकेको छैन ।

पूर्वाधार विकास निर्देशनालय सुर्खेतका निमित्त निर्देशक इन्जिनियर सूर्यबहादुर शाहीले आयोजनाले सबै खाले कानुनी अल्झन पार गरिसकेको भएपनि निर्माण व्यवसायीले अपेक्षाकृत काम गर्न नसकेको बताउछन् ।

शाही भन्छन्, 'सुरुवाती चरणमा रुख कटान र जग्गाभोगाधिकार लिनुपर्ने प्रक्रियामा संघीय सरकारले ढिला गर्दा केही समय लाग्न गयो । गएको भदौमा निर्माण व्यवसायीलाई सबै बाधाहरू फुकाएर साइट उपलब्ध गराइसकेको अवस्था हो । सँगै विद्युतका पनि सबै समस्या समाधान भइसकेका छन् । तर, उहाँहरुले दिएको कार्ययोजना अनुसार काम भएको छैन ।'



उनका अनुसार हालसम्म १३ किलोमिटर मध्ये ६ किलोमिटरमा मापदण्डअनुसार ग्राभेल बिच्छ्याउने काम सम्पन्न भएको छ । बाँकी सात किलोमिटर खण्डमा नाला, कल्भर्ट, टेका पर्खाल र ग्राभेल बिछ्याउन बाँकी छ । तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पटक-पटक ताकेता गरेपनि निर्माण व्यवसायीले अटेर गरिरहेको उनको दावी छ ।

पर्याप्त जनशक्ति र उपकरण परिचालन गर्न निर्माण व्यवयायी जिम्मेवार नबन्दा तोकिएको कार्यतालिका अनुसार काम हुन नसकेको निर्देशनालयको दावी छ । चार वर्षसम्म पनि १३ किलोमिटर सडक बनाउन नसकेको अनक/जयदेवीले पुनः एक वर्षको समय मागेको छ । कम्पनीले कार्ययोजनासहित एक वर्षको म्याद थप गर्न दिएको निवेदन उपर आवश्यक छलफल भइरहेको शाहीको भनाई छ । उनका अनुसार स्पष्ट कार्ययोजना र सर्तसहित दोस्रो पटक म्याद थप गरिने छ भने, तोकिएको समयभित्र सन्तोषजनक काम अघि नबढाए जुनसुकै बेलापनि सम्झौता रद्द गर्नेगरी कानुनी प्रक्रिया थालिने छ ।

५० को दशकमा पश्चिम सुर्खेतलाई जिल्ला सदरमुकाम वीरेन्द्रनगरसँग जोडन यो सडक निर्माण गरिएको थियो । तर, स्तरीय सडक नहुँदा पश्चिम सुर्खेतका नागरिक हिलाम्मे र धुलाम्मे सडकमा यात्रा गर्न बाध्य छन् । पश्चिम सुर्खेतलाई राष्ट्रिय राजमार्गसँग जोडेको मदन भण्डारी राजमार्ग अन्तर्गत बड्डिचौर-खम्बागाडे खण्डको १३ किलोमिटर बाहेक अन्यत्र खण्डमा सडक स्तरोन्तीको काम सम्पन्न भइसकेको छ ।

## एक वर्षभित्र निर्माण सक्ने प्रतिवद्धता

निर्माण व्यवसायी अनक/जयदेवीले आगामी २०८४ असारसम्म सडकलाई पूर्णता दिने दावी गरेको छ । बिहिबार सडकको पछिल्लो अवस्थाका बारेमा अनुगनम गर्न गएको निर्देशनालयको टोलीसँगको छलफलमा अनकका प्रतिनिधि शंकर राउतले सडक निर्माणको काम विभिन्न प्राविधिक तथा प्रशासनिक समस्याका

बाँकी ३ पेजमा

# बालबालिकामा कुपोषण बढ्यो

**युग संवाददाता**
**काठमाडौँ, ७ जेठ ।**

सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' मा कुपोषण हुने बालबालिकाको सङ्ख्या बढेको पाइएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता सञ्चालन गरेको अभियानमा बालबालिकामा विगतको भन्दा बढी सङ्ख्यामा कुपोषण देखिएको हो ।

स्वास्थ्य सेवा विभाग, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले अभियानको प्रारम्भिक प्रतिवेदनमा विगतभन्दा यसपटक कुपोषणको भएका बालबालिकाको सङ्ख्या बढेको बताए । उनका अनुसार कडा शीघ्र कुपोषण चार प्रतिशत बालबालिकालाई देखिएको छ । यसअघि उक्त सङ्ख्या एक प्रतिशतमा रहेको थियो ।

"यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेकाले कडा शीध्र कुपोषणका बालबालिकालाई धेरै देखिएको हो", शाखा प्रमुख थापाले भने, "पहिले हामी प्रदेशमा मात्र कुपोषणको अवस्था पत्ता लगाउने गर्दथ्यौँ र कम देखिएका हुन् ।" उनका अनुसार कडा शीघ्र कुपोषण कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशमा बढी देखिएका छन् । कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे र करङ देखिने खालको हुने गर्दछन् ।

कडा शीघ्र कुषोषण लागेका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' दिने र उक्त तयारी खाना खाएपछि बालबालिकालाई स्वस्थ्य हुने उनको भनाई छ । तयारी खाना दिँदा पनि पहिलेको अवस्थामा नआएका बालबालिकालाई देशतिर २५ वटा पुनःस्थापना केन्द्रमा आमा र बच्चा दुवैलाई राखेर दैनिक रूपमा हेरेर तयारी खाना खुवाइने थापाले बताए । त्यसैगरी, मध्यम कुपोषण १२ प्रतिशत बालबालिकामा देखिएको छ । मध्यम शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने तथा लुरे हुने गर्दछन् ।

### अभियान जेठसम्म

शाखा प्रमुख थापाका अनुसार साधनस्रोतको कमीले जेठ महिनासम्म अभियान सञ्चालन गरिने छ । सरकारले पोषण पत्ता लगाउन पहिलो पटक गत वैशाख १५ देखि ३० गतेसम्म अभियान सञ्चालन गरेको थियो । बालबालिकाको उचाइ र तौल लिने उपकरणको अभावमा सबै पालिकामा अभियान सञ्चालन गर्न नसकिएकाले जेठ महिनासम्म अभियान विस्तार गरिएको हो । उनले अर्को वर्षदेखि यसलाई कार्यक्रमका रूपमा राखिने जानकारी दिए ।

सरकारले छ महिनादेखि ५९ महिनासम्मका करिब २२ लाख बालबालिकाको पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको हो । यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्य भागको घेरा नापेर पोषणको स्थिति पत्ता लगाउने गरिएको छ ।

# सुदूरपश्चिम सरकारले प्रादेशिक आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याउने

**युग संवाददाता**
**कैलाली, ७ जेठ ।**

सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ बाट प्रादेशिक आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याउने भएको छ । प्रदेश नीति तथा योजना आयोगले आज यहाँ आयोजना गरेको एक कार्यक्रममा आगामी आवदेखि नै आयोजना बैङ्क कार्यान्वयनमा ल्याउने तयारीअनुसार काम भइरहेको जानकारी दिइएको हो ।

आयोजनामा दोहोरोपना हुन नदिन र कागजविहीन बनाउन, अनलाइन प्रविष्ट गर्न र 'क्लाउड' मा आधारित भण्डारण सुविधाका लागि




उक्त प्रणालीको विकास गरिएको आयोगका सदस्य नृपबहादुर सुनारले जानकारी दिए । साथै आयोजना बैङ्क सञ्चालनपश्चात् आयोजनाको विवरण सुरक्षित हुने, समयको बचतका साथै एउटै विवरण बारम्बार प्रविष्ट गरिराख्नुपर्ने अवस्थाको अन्त्य हुने उनले बताए ।

सङ्घ, सात वटै प्रदेश र सात सय ५३ वटै स्थानीय तहमा एकै किसिमको प्रणाली हुने हुँदा प्रणालीगत एकता कायम 'सफ्टवेयर' प्रयोगमा ल्याउन लागिएको हो । प्रादेशिक आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालनका लागि प्रदेश नीति तथा योजना आयोगले एकदिने अभिमुखीकरण कार्यक्रम आयोजना गरी मन्त्रालय, विभाग, योजना शाखामा कार्यरत कर्मचारीलाई प्रशिक्षणसमेत दिएको छ । योजना बैङ्कमा प्रदेशका ठूला आयोजना राख्ने र आगामी आर्थिक वर्षको बजेटमा सोही आयोजनालाई समेटेर बजेट विनियोजन गरिने त्यस अवसरमा जानकारी दिइयो ।

गत वैशाख २९ गते मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले सुदूरपश्चिम प्रदेश आयोजना छनोटसम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गरेको थियो । उक्त मापदण्डमा प्रदेश सरकारबाट सञ्चालन गरिने रु एक करोडभन्दा बढी लागतका, प्रदेशको सडक गुरुयोजना, २०८२, पर्यटन गुरुयोजना, २०७८, बहुवर्षीय ठेक्का सहमति प्राप्त आयोजना र क्रमागत आयोजनाहरू अनिवार्य रूपमा प्रदेश आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने र विषयगत मन्त्रालयले लागत सीमाभन्दा कमका आयोजनाको सूची (प्रोजेक्ट रोष्टर) तयार गरी आयोजना बैङ्कको विद्युतीय सूचना प्रणालीमा छुट्टै देखिने गरी अभिलेख राख्नुपर्ने उल्लेख छ ।

## ट्राफिक नियमको पालना गरौं ।

- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- सवारी साधन चलाउँदा आवश्यक कागजात सधैं साथमा लिएर हिँड्ने गरौं ।
- सवारी चालकले सिट बेल्टको अनिवार्य प्रयोग गरौं ।
- बिच सडकमा सवारी रोकी अरू सवारी साधनलाई बाधा नपुर्याऔं ।
- पैदलयात्रु तथा मोटरसाइकल चालकले रातको समयमा सेतो वा चम्किलो लुगा लगाएर हिडौं।
- हतार गरी सवारि साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं ।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# संवाद र प्रमाणका आधारमा समाधान खोजौँ

बाजुरा र हुम्लाको सिमावर्ती क्षेत्र रानीसैन-लाम्पाटा क्षेत्रमा देखिएको विवादले स्थानीय तहबीचको सीमा व्यवस्थापन, प्रशासनिक समन्वय र राज्यको उपस्थितिमा दरार पैदा गर्ने संकेत देखिएको छ । बहुमूल्य जडीबुटी, वन्यजन्तु तथा पर्यटनको प्रचुर सम्भावना बोकेको उक्त क्षेत्रमा अस्थायी प्रहरी चौकी स्थापना गर्न खोज्दा उत्पन्न विवादले दुई जिल्लाबीचको पुरानो सीमा समस्या सतहमा ल्याएको छ । अझ दुःखद पक्ष विवाद सामान्य असहमतिको तहमा सीमित नरही हातपात र हिंसात्मक घटनासम्म पुगेको छ। यो स्थानीयस्तरमा बढ्दो अविश्वास र असमझदारीको उपज हो। घटनामा बाजुराको हिमाली गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि र सुरक्षाकर्मीमाथि आक्रमण भएको भनिएको छ भने हुम्लाको खार्पुनाथ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अनुमति विना प्रहरी चौकी निर्माण गर्न खोजिएकाले स्थानीयले विरोध जनाएको दाबी गरेको छ । दुवै पक्षले आ-आफ्ना प्रमाण र भोगचलनको फेरिहस्त प्रस्तुत गरिरहेका छन् । एकातिर हिमाली गाउँपालिकाले रानीसैन क्षेत्र आफ्नो वडा नम्बर ३ मा पर्ने र त्यहाँ चोरी निकासी नियन्त्रण तथा पर्यटन प्रवर्द्धनका लागि प्रहरी चौकी आवश्यक भएको तर्क गरिरहेको छ । अर्कोतिर खार्पुनाथ गाउँपालिकाले उक्त क्षेत्र परापूर्वकालदेखि हुम्लाको भोगचलनमा रहेको, स्थानीयले कर तिरेर बसोवास गर्दै आएको तथा बाजुरा पक्षले गुगल म्यापको आधारमा एकतर्फी दाबी गरेको आरोप लगाइरहेको छ ।

सीमासम्बन्धी विवाद नेपालका धेरै स्थानीय तहमा देखिने समस्या हो । संघीय संरचना कार्यान्वयनपछि स्थानीय तहको अधिकार र स्रोतमा प्रतिस्पर्धा बढेसँगै यस्ता विवाद थप सतहमा आएका छन् । तर, यस्ता विषय समाधान गर्ने आधार भावनात्मक दाबी वा शक्ति प्रदर्शन होइन, कानुनी प्रमाण, ऐतिहासिक अभिलेख, आधिकारिक नक्सा र आपसी समझदारी हुनुपर्छ। अहिले देखिएको विवादमा पनि दुवै पक्षले आफ्नो दाबीलाई बलियो ठानिरहेका छन् । यस्तो अवस्थामा कुनै एक पक्षले मात्र निर्णय लाद्ने वा बल प्रयोग गर्ने प्रवृत्तिले समस्या झन् जटिल बन्न सक्छ। रानीसैन क्षेत्र प्राकृतिक सम्पदाले भरिपूर्ण संवेदनशील भूभाग हो । यस्तो क्षेत्रमा विवाद चर्किँदै जाँदा जडीबुटी तथा वन्यजन्तुको अवैध दोहन, सामाजिक द्वन्द्व र प्रशासनिक अस्थिरता बढ्ने जोखिम रहन्छ । त्यसैले तत्काल संघीय सरकार, गृह मन्त्रालय तथा नापी विभागजस्ता सम्बन्धित निकायले निष्पक्ष ढंगले तथ्य संकलन, प्राविधिक अध्ययन र स्थलगत अनुगमन गर्न आवश्यक छ। दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, जनप्रतिनिधि र स्थानीय समुदायबीच नियमित संवादको वातावरण बनाइनुपर्छ ।

विशेषगरी, अहिलेको परिस्थितिमा दुवै पक्षले संयमता अपनाउनु अत्यन्त जरुरी छ। बाटो बन्द गर्ने, धम्की दिने वा भिडन्तको अवस्था सिर्जना गर्ने गतिविधिले स्थानीयस्तरको सम्बन्धमा दीर्घकालीन असर पार्न सक्छ। सीमाको विषय संवेदनशील हुने भएकाले यसको समाधान कानुन र प्रमाणका आधारमा मात्र सम्भव हुन्छ। संघीय सरकारले समयमै हस्तक्षेप गरेर स्पष्ट प्रशासनिक र कानुनी निकास दिन सकेन भने भविष्यमा यस्ता विवाद अन्य क्षेत्रमा पनि दोहोरिन सक्छन्। त्यसैले अहिलेको आवश्यकता आरोप-प्रत्यारोप होइन, संवाद, तथ्य र आपसी समझदारीका आधारमा दीर्घकालीन समाधान खोज्नु हो । यही बाटोले मात्रै बाजुरा र हुम्लाबीचको सम्बन्धलाई द्वन्द्वबाट सहकार्यतर्फ लैजान सक्छ ।

# हन्टा भाइरस सङ्क्रमण र विपद्को जोखिम



✍ डा. प्रकाश बुढाथोकी

नेदरल्याण्डअर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए ।

उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित सङ्क्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो । जहाजबाट बीचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरूको सम्पर्कमा आएकालाई कन्टयाक्ट ट्रेसिङ खोजी कार्य आज पनि जारी छ। यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन् । विश्व स्वास्थ्य सङ्गठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीर रुपमा स्टेज चारमा लिदै अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ।

विश्व स्वास्थ्य सङ्गठनले आधिकारिकरुपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिङ्गापुर र टर्कीलगायत १२ देशलाई सर्तक गराएको छ। जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो। सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि सङ्क्रमित भएको पुष्टि भएको थियो। जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए। ती दम्पतीमध्ये श्रीमानको जहाजमै मृत्यु भएको थियो भने पछि श्रीमतीको पनि मृत्यु भयो। जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक सङ्क्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्को पुष्टि भएपछि मात्र हान्टा भाइरस भएको पुष्टि भएको हो। जहाजमा नभएकी एक महिलामा समेत शङ्कास्पद लक्षणहरू देखिएको छ र उनको परीक्षण गरिएको छ। क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा सङ्क्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आईसोलेसनमा राखिएको छ।

**अर्को कोभिड त होइन हान्टा भाइरस ?**

हान्टा भाइरस ब्रुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो । अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन् ।

सामान्यतया सङ्क्रमित मुसा तथा अन्य रोडेन्टहरूको पिसाब, दिसा वा च्यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ। यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ। लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा सङ्क्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ। धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन्। सर्ने भेरियन्ट पनि कोभिड-१९ जस्तै तीव्र रूपमा हावाबाट फैलिने प्रकृतिको होइन ।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस सङ्क्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केसअर्थात् प्रतिएक लाखमा ०.४ केस मात्र रिपोर्ट भएका थिए। पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौं केस रिपोर्ट हुने गर्छन्। सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ। अमेरिकामा हान्टा भाइरस सङ्क्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन् । मानिसबाट मानिसमा सङ्क्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना सङ्क्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो।

**के कस्ता लक्षण हुन्छन् ?**

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस सङ्क्रमणका जोखिम समूहमा पर्छन् । उनीहरूमा सजिलै सङ्क्रमण हुने, सङ्क्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ। वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेन्टको सङ्ख्यामा असर पार्ने भएकाले सङ्क्रमणको सङ्ख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ।

हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक सङ्क्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ। दोस्रो सङ्क्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन सङ्क्रमणको सुरुआती अवस्थामा बढी सङ्क्रामक हुँदा हुने सम्भावना रहन्छ। सङ्क्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ। छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ। यसले सङ्क्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन् । पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा सङ्क्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ। हान्टा भाइरस सङ्क्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन् । पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ। हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ। भेरियन्टअनुसार लक्षण तथा चिन्ह फरक पर्न सक्छ। हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेन मात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो। यो चिली र अर्जेन्टिनामा समय-समयमा फैलिने गरेको छ।

**निदानका उपायहरू के हुन सक्छन् ?**

शङ्कास्पद अवस्थाः सङ्क्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शङ्कास्पद वा सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी सङ्क्रमणका शङ्कास्पद लक्षण भएका व्यक्ति ।

सम्भावित अवस्थाः शङ्कास्पद अवस्थाका लक्षण तथा चिन्ह भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, सङ्क्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति । पुष्टि भएको अवस्थाः आरटी-पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी सङ्क्रमण पुष्टि भएको व्यक्ति ।

समस्या नदेखिएको अवस्थाः शङ्कास्पद वा सम्भावित भए पनि आरटी-पिसीआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति ।

**उपचार कसरी हुनसक्छ ?**

हान्टा भाइरस सङ्क्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन । सङ्क्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचार मात्र गरिन्छ। अफवाह तथा सामाजिक सञ्जालका भ्रममा परी अनावश्यक आतङ्कित हुने वा गराउने काम गर्नु हुँदैन। सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ ।रोडेन्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ। यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ। व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ। घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ ।

साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शङ्कास्पद वा सम्भावित सङ्क्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ। रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ। ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।

**नेपालको तयारी कस्तो छ ?**

नेपालमा हालसम्म हान्टा भाइरस सङ्क्रमण पुष्टि भएको आधिकारिक तथ्याङ्क छैन । तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो। उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए।

एन्डिस भाइरसबाट सङ्क्रमित मुसा नेपालमा नपाइने, हाल सङ्क्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ। नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन। नेपालमा दैनिक ४-५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्याङ्क छन्। एशियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवतजावत उल्लेख्य छ। तर आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै ।

नेपालमै हान्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन। परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमा समेत स्पष्ट निर्णय भइसकेको छैन। त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ। *(लेखक वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुन्)*

## विश्व

# हर्मुजमा इरानको कडा नियन्त्रण

**तेहरान, ७ जेठ ।**

इरानले विश्वकै संवेदनशील समुद्री व्यापार मार्गमध्ये पर्ने स्ट्रेट अफ हर्मुजमाथि आफ्नो नियन्त्रण अझ कडा बनाउने कदमस्वरूप नयाँ व्यवस्थापन तथा अनुगमन क्षेत्रको सीमा औपचारिक रूपमा निर्धारण गरेको छ। नयाँ गठन गरिएको पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) ले अब जलघाँटी पार गर्ने जहाजहरूले अनिवार्य रूपमा समन्वय र अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको जनाएको छ।

पिजिएसएले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको विवरणअनुसार नयाँ पर्यवेक्षण क्षेत्र इरानको कुह मोबारकदेखि संयुक्त अरब इमिरेट्सको फुजैराको दक्षिणी समुद्री क्षेत्रसम्म फैलिएको छ। यो क्षेत्र स्ट्रेट अफ हर्मुजको पूर्वी भागमा पर्ने बताइएको छ। इरानको केशम टापुको अन्तिम विन्दु र संयुक्त अरब इमिरेट्सको उम्म अल-कैवेनलाई जोड्ने काल्पनिक रेखाबाट यो व्यवस्थापन क्षेत्र सुरु हुने उल्लेख गरिएको छ।

नयाँ व्यवस्थाअनुसार हर्मुज जलघाँटी हुँदै यात्रा गर्न चाहने जहाजहरूले 'पर्सियन खाडी जलमार्ग व्यवस्थापन' निकायसँग अनिवार्य रूपमा समन्वय गर्नुपर्नेछ। साथै पिजिएसएबाट पूर्वअनुमति नलिई कुनै पनि जहाजले उक्त क्षेत्रमा प्रवेश गर्न नपाउने स्पष्ट पारिएको छ । व्यवस्थापन निकायले जलमार्गको सुरक्षा, सञ्चालन र निगरानीलाई व्यवस्थित बनाउने उद्देश्यले यस्तो कदम चालिएको जनाएको छ।

यो घोषणा अमेरिका र इरानबीच जारी शान्ति वार्तामा कुनै प्रगति नभइरहेका बेला आएको हो। दुवै पक्ष आ-आफ्ना अडानमा अडिग रहेका छन् । वासिङ्टनले इरानको आणविक कार्यक्रम पूर्ण रूपमा रोक्न दबाब दिइरहेको छ भने तेहरानले आफ्नो ऊर्जा सुरक्षा र स्ट्रेट अफ हर्मुजमाथिको नियन्त्रणलाई राष्ट्रिय अधिकारको विषयका रूपमा प्रस्तुत गरिरहेको छ।

इरानले सोमबार मात्रै स्ट्रेट अफ हर्मुजसँग सम्बन्धित सम्पूर्ण गतिविधिको अनुगमन र व्यवस्थापन गर्न नयाँ नियामक निकाय स्थापना गरिएको घोषणा गरेको थियो । इस्लामिक गणतन्त्रको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले पनि पिजिएसएको आधिकारिक एक्स खाता सक्रिय भएको जानकारी पुनः सार्वजनिक गर्दै नयाँ निकाय सञ्चालनमा आएको पुष्टि गरेको थियो।

विश्लेषकहरूले यस कदमलाई विश्व ऊर्जा आपूर्ति प्रणालीसँग प्रत्यक्ष सम्बन्धित रणनीतिक सन्देशका रूपमा हेरिरहेका छन् । स्ट्रेट अफ हर्मुज विश्वकै महत्त्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक मानिन्छ । यहाँबाट विश्वको ठूलो हिस्सा कच्चा तेल तथा ऊर्जा आपूर्ति हुने गर्दछ। नयाँ निकायको स्थापनासँगै इरानले अब जलमार्गको सञ्चालन, अनुगमन र प्रशासनिक नियन्त्रणलाई संस्थागत स्वरूप दिएको सङ्केत देखिएको छ।

यस महिनाको सुरुआतमै इरानी सरकारी सञ्चारमाध्यम प्रेस टिभीले तेहरानले स्ट्रेट अफ हर्मुज हुँदै हुने समुद्री आवागमन नियन्त्रण गर्न नयाँ संयन्त्र लागू गरेको जनाएको थियो। रिपोर्टअनुसार अब उक्त जलमार्ग प्रयोग गर्न चाहने सबै जहाजहरूले ष्लाय२एन्क्ब|ष्च ठेगानाबाट आधिकारिक इमेल प्राप्त गर्नेछन्। यसमा मार्ग प्रयोगसम्बन्धी नियम, प्रक्रिया र निर्देशन समावेश रहनेछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — आफन्त वा परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् ।

**वृष** — हिम्मत गर्दा काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ।

**मिथुन** — मिान-सम्मान पाइने समय छ । बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन् ।

**कर्कट** — प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**सिंह** — समयमा होसियार बन्न नसक्दा खर्च बढ्नेछ । आकस्मिक समस्याले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला ।

**कन्या** — समयमा होसियार बन्न नसक्दा खर्च बढ्नेछ । आकस्मिक समस्याले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला ।

**तुला** — तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। व्यापार बढ्नेछ।

**वृश्चिक** — चुनौतीका बीच अवसर प्राप्त हुनेछ। प्रयत्न गर्दा नयाँ काम थालनी हुनेछ । सहयोगीहरूले साथ दिनेछन् । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ।

**धनु** — प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ।

**मकर** — घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ।

**कुम्भ** — स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् ।

**मीन** — अस्वस्थताले काममा बाधा पुग्न सक्छ। साथ दिनेहरू नहुँदा आफैं काममा जुट्नुपर्ला । कमजोर विकल्प अँगाल्नाले ताकेको मौका गुम्न सक्छ।

# घट्दै स्तनपान अभ्यास, बढ्दै शिशु स्वास्थ्यमा चुनौती




**युग संवाददाता**
**कञ्चनपुर, ७ जेठ ।**

कञ्चनपुरमा स्तनपान गराउने आमाहरूको सङ्ख्या क्रमशः घट्दै गएको छ। व्यस्त कार्यतालिका, छोटो मातृत्व बिदा, 'फर्मुला' दूधको बढ्दो प्रयोग, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको आक्रामक विज्ञापन, सहरीकरण, बदलिँदो जीवनशैली तथा शल्यक्रियाद्वारा प्रसूति हुने संस्थाको सङ्ख्या बढ्नु यसका प्रमुख कारणका रूपमा देखिएको जनाइएको छ।

स्वास्थ्य कार्यालय कञ्चनपुरका जनस्वास्थ्य नर्सिङ निरीक्षक आरती पाण्डेयका अनुसार जिल्लामा शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने आमाको सङ्ख्या ८४ दशमलव नौ प्रतिशत रहेको छ भने पूर्ण स्तनपान गराउने आमाको सङ्ख्या ५५ दशमलव ११ प्रतिशत मात्रै रहेको छ।

जिल्लाका नौवटै स्थानीय तहमध्ये पूर्ण स्तनपान गराउने आमाको सङ्ख्या सबैभन्दा बढी लालझाडी गाउँपालिकामा ८१ दशमलव ६६ प्रतिशत, दोधारा चाँदनी नगरपालिकामा ६४ दशमलव ६२ प्रतिशत, शुक्लाफाँटा नगरपालिकामा ६१ दशमलव २८ प्रतिशत र पुनर्वास नगरपालिकामा ६१ दशमलव २९ प्रतिशत रहेका छन्।

त्यसैगरी, कृष्णपुर नगरपालिकामा ६० दशमलव ३९ प्रतिशत, बेदकोट नगरपालिकामा ५९ दशमलव ७९ प्रतिशत, भीमदत्त नगरपालिकामा ४५ प्रतिशत, बेलौरी नगरपालिकामा ३८ दशमलव ११ प्रतिशत तथा बेलडाँडी गाउँपालिकामा ४१ दशमलव २३ प्रतिशत आमाहरूले पूर्ण स्तनपान गराउने गरेका छन्।

सुदूरपश्चिम प्रदेशमा शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने आमाको सङ्ख्या ६९ प्रतिशत र पूर्ण स्तनपान गराउने आमाको सङ्ख्या ७४ प्रतिशत रहेको छ। आमाको शैक्षिक अवस्थाका आधारमा शिक्षा नभएका ५९ प्रतिशत, आधारभूत तहसम्म अध्ययन गरेका ६१ प्रतिशत र माध्यमिक तह उत्तीर्ण गरेका ५३ प्रतिशत आमाले पूर्ण स्तनपान गराउने गरेका छन्।

आर्थिक अवस्थाका आधारमा न्यून आर्थिक अवस्था भएका ६४ प्रतिशत, दोस्रो वर्गका ५८ प्रतिशत, मध्यम वर्गका ६१ प्रतिशत, चौथो वर्गका ५४ प्रतिशत र उच्च आर्थिक अवस्था भएका ४४ प्रतिशत आमाहरूले मात्रै स्तनपान गराउने गरेका छन्।

दूधदानीको प्रयोग गरी शिशुलाई दूध खुवाउने आमाहरूको सङ्ख्या सुदूरपश्चिम प्रदेशमा १५ प्रतिशत रहेको छ। अध्ययनअनुसार शिक्षा प्राप्त नगरेका १२ प्रतिशत, आधारभूत तहसम्म शिक्षा पाएका १४ प्रतिशत, माध्यमिक तह उत्तीर्ण गरेका ३१ प्रतिशत तथा उच्च शिक्षा अध्ययन गरेका ४९ प्रतिशत आमाहरूले बढी दूधदानीबाट शिशुलाई दूध खुवाउने गरेका छन्।

कार्यालयले उपलब्ध गराएको विवरणअनुसार शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराएमा शिशु मृत्युदरलाई १९ दशमलव एक प्रतिशतसम्म रोकथाम गर्न सकिने अध्ययनले देखाएको छ। जन्मेको पहिलो दिन स्तनपान गराउँदा सात दशमलव सात प्रतिशत शिशु मृत्युदर घटाउन सकिने निरीक्षक पाण्डेयले बताए।

सरकारले शिशु छ महिनाको हुँदासम्म पूर्ण स्तनपान गराउने सङ्ख्यालाई हालको ५६ प्रतिशतबाट बढाएर सन् २०३० सम्म ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। स्तनपान संरक्षणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा शिशु पोषण, मातृ स्वास्थ्य तथा दीर्घकालीन बाल विकासमा गम्भीर जोखिम बढ्दै गएको निरीक्षक पाण्डेयले जानकारी दिए। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ लागू भए पनि व्यवहारमा यसको प्रभाव कमजोर देखिएको उनको भनाई छ।

"फर्मुला दूधको बढ्दो बजार विस्तार, सहरीकरण, बदलिँदो पारिवारिक संरचना तथा कार्यस्थलको असहज वातावरणका कारण स्तनपान अभ्यास क्रमशः कमजोर बन्दै गएको छ। आमाको दूधको सट्टा कृत्रिम शिशु आहारको प्रयोग बढ्नु अहिलेको प्रमुख स्वास्थ्य चुनौतीका रूपमा रहेको छ। तीन दशकअघि नै कानुनी व्यवस्था भए पनि अनुगमन र कार्यान्वयन प्रभावकारी नहुँदा अपेक्षित सुधार हुन सकेको छैन", नर्सिङ निरीक्षक पाण्डेयको भनाइ छ।

यसरी अपर्याप्त स्तनपानका कारण शिशु तथा मातृ स्वास्थ्यमा गम्भीर असर पर्ने जोखिम रहेको जानकारहरू बताउँछन्। स्तनपानलाई प्रभावकारी बनाउन कानुन मात्र पर्याप्त नभई सामाजिक व्यवहार तथा कार्यस्थलको संरचनागत सुधार आवश्यक रहेको बताइन्छ।

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ का प्रावधानले पनि शिशु आहार उत्पादन तथा वितरणमा कडा नियमनको व्यवस्था गरेको छ। ऐनअनुसार शिशु आहारको विज्ञापन, बिक्री प्रवर्द्धन तथा प्रचारप्रसारमा प्रतिबन्ध लगाइएको छ। साथै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले उत्पादक वा वितरकबाट कुनै पनि प्रकारको उपहार, प्रलोभन वा आर्थिक लाभ लिन नपाइने व्यवस्था छ।

त्यसैगरी, उत्पादन बजारमा ल्याउनुअघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट अनिवार्य प्रमाणीकरण गर्नुपर्ने तथा 'लेबल'मा स्तनपानलाई प्राथमिकता दिने सन्देश नेपाली भाषामा स्पष्ट उल्लेख गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। स्तनपानलाई निरुत्साहित गर्ने चित्र, सामग्री वा भ्रामक सूचना प्रयोग गर्न नपाइने व्यवस्था पनि ऐनमा समावेश गरिएको छ।

शुक्लाफाँटा नगरपालिका स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्ट बाल कुपोषण न्यूनीकरणका लागि समुदायस्तरमा जनचेतना विस्तार आवश्यक रहेको बताउँछन। आमाहरूलाई स्तनपानसँगै छ महिनापछि घरमै तयार गरिने पोषिलो पूरक आहारबारे सही जानकारी दिन जरुरी रहेको उनको भनाइ छ।

स्वास्थ्यकर्मी हरि नाथ फर्मुला दूधको अनियन्त्रित प्रचार रोक्न, कानुनको प्रभावकारी अनुगमन गर्न तथा स्तनपानमैत्री वातावरण निर्माण गर्न स्थानीय तहदेखि नै समन्वित पहल आवश्यक रहेको सुझाव दिए। स्तनपान संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन, जनचेतना विस्तार तथा कार्यस्थलमैत्री नीतिबिना शिशु स्वास्थ्य सुधार र बाल कुपोषण न्यूनीकरणको लक्ष्य हाँसिल गर्न कठिन हुने उनको धारणा छ।

प्रतिनिधिसभा :

# हुम्ला र बाजुराको सीमा विवाद समाधान खोज्न सरकारसँग माग

**युग संवाददाता**
**काठमाडौँ, ७ जेठ ।**

सांसदहरूले हुम्ला र बाजुरा जिल्लाको सीमा विवाद तत्काल समाधान गर्न सदन मार्फत् सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधिसभाको विहिबारको बैठकको आकस्मिक समयमा सांसद जयपति रोकायाले सरकारले वार्ता र संवादको माध्यमबाट दुई जिल्लाबीचको सीमा विवादबारे तत्काल समाधान खोज्न माग गरे।

"हुम्ला र बाजुरा क्षेत्रको विवादलाई लिएर कर्णाली राजमार्ग नै अवरुद्ध भएको छ, राष्ट्रिय राजमार्ग अवरुद्ध हुँदा बिरामी, परीक्षा दिने विद्यार्थी, अतिआवश्यक कामका लागि जानुपर्ने सबैलाई असर परेको छ", उनले भने, "दुई जिल्लाबीचको सीमा विवाद सरकारले संवादबाट समाधान खोजी राजमार्ग तत्काल खुलाउनुपर्छ।"

सांसद केपी खनालले हुम्ला र बाजुरा जिल्लाको सीमा रानीसिंह क्षेत्रको विवादका कारण धनगढी उपमहानगरपालिकाका प्रमुख गोपी हमालसहितको समूहप्रति दुर्व्यवहार भएकोप्रति सरकारको ध्यानाकर्षण गराए।

उनले हिमाली गाउँपालिका साइपाल क्षेत्र जडीबुटी र वन्यजन्तुको अपार भण्डार भएकाले त्यस क्षेत्रमा वर्षौंदेखि तस्करहरूले कर छलेर अवैध तरिकाले जडीबुटी र वन्यजन्तुको बेचबिखन गरेको विषयलाई प्रहरीचौकी राखेर नियन्त्रण गर्न खोज्दा दुर्व्यवहार भएको बताए। साथै, उनले त्यस क्षेत्रको नागरिकको सुरक्षा, जडीबुटीको संरक्षण र घाइतेको सरकारले उपचार गर्न माग गरे।

सांसद जनकराज गिरीले यही जेठ ४ गते हुम्ला र बाजुरा जिल्लाको हिमाली गाउँपालिका-३ मा प्रहरी सहायक निरीक्षक महेश धामी र हिमाली गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापालगायतलाई साङ्घातिक आक्रमण गरिएकोप्रति सरकारको ध्यानाकर्षण गराए। यस क्षेत्रको सीमा विवाद तत्काल समाधान गर्न सरकारसँग माग गरे।

सांसद निस्कल राईले केही समयदेखि प्रतिपक्ष दलले सरकारलाई सदनप्रति उत्तरदायी बनाउन खोजेको भए पनि सरकारले सदनको मर्यादा पालना नगरेको र परम्परा तोडने नाममा संसद्को मर्यादा पालना नगरेको आरोप लगाए। सांसद अशोक चौधरीले जेनजी आन्दोलनका क्रममा इटहरी उपमहानगरपालिकाका दमकल र एम्बुलेन्स क्षति भएको जनाउँदै तत्काल नयाँ दमकल र एम्बुलेन्स व्यवस्था गर्न माग गरे।

सांसद वासना थापाले दैलेखको गुराँस गाउँपालिका वडा ७ मा २८ वर्षीय गणेश थापाको हिजो १२:०० बजे गोठालो जाने क्रममा करेन्ट लागेर सिकिस्त घाइते भएको र नेपाल विद्युत् प्राधिकरणसँग सम्बन्धित यस्ता समस्याहरू धेरै भएकोप्रति सदनमार्फत प्राधिकरण ध्यानाकर्षण गराए। सांसद शोभा खनालले गोरखामा कतिपय पालिकामा बत्तीको समस्या भएको स्थानीयवासीले दुःखेको गरेको हुनाले विद्युत् प्राधिकरण ध्यानाकर्षण गराइन।

# वीरेन्द्रनगरका प्रमुख चोकसम्म निःशुल्क सटल बस सेवा



**युग संवाददाता**
**सुर्खेत, ७ जेष्ठ ।**

कर्णाली प्रदेशको प्रमुख हवाई प्रवेशद्वार सुर्खेत विमानस्थलबाट सञ्चालन हुँदै आएको निशुल्क सटल बस सेवा वीरेन्द्रनगरका प्रमुख चोकसम्म विस्तार भएको छ। संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौलाले बिहीबार विमास्थल र सटल बस सेवा अनुगमनपछि यात्रुको सुविधाका लागि सेवा विस्तार गर्न निर्देशन दिएका हुन्।

उक्त निर्देशनपछि सुर्खेत नागरिक उड्डयन कार्यालय अन्तर्गत विमानस्थल प्रमुख हिराजन काफ्लेले निशुल्क सटल बस सेवा विस्तार गरिएको जानकारी दिएका हुन्। उनले बिहीबार नै एक सूचना जारी गर्दै सेवा विस्तार गरिएको जानकारी गराएका हुन्। सुर्खेत नागरिक उड्डयन कार्यालयले जारी गरेको सूचना अनुसार शुक्रबारदेखि निरन्तर विमानस्थलदेखि मुख्य बजार क्षेत्रसम्म यात्रुहरूको सहज आवतजावतका लागि सटल बस सेवा विस्तार गरिएको हो।

विमानस्थल प्रमुख काफ्लेले जारी गरेको सूचनामा भनिएको छ, 'यस नागरिक उड्डयन कार्यालयाट यात्रुहरुका लागि निशुल्क सटल बस सेवा विमानस्थलदेखि तीनकुने चोकसम्म सञ्चालन हुँदै आएकोमा उक्त सटल बस सेवा मिति २०८३ /०२/०८ गतेदेखि सुर्खेत विमानस्थलदेखि कालुन्चोक, घण्टाघर चोक, मंगलगढी चोक हुँदै तीनकुने चोकसम्म सञ्चालन हुने हुँदा सम्पूर्ण यात्रु महानुभावहरुको जानकारी लागि अनुरोध गरिन्छ।'

सुर्खेत विमानस्थल कर्णाली प्रदेशको पर्यटन, व्यापार तथा प्रशासनिक गतिविधिको प्रमुख हवाई केन्द्रका रूपमा विकसित हुँदै गएको छ। पछिल्लो समय काठमाडौंबाट दैनिक नियमित उडान हुने र कर्णालीका हिमाली जिल्लातर्फ जाने यात्रुहरूको संख्या बढ्दै जाँदा विमानस्थल आसपास यातायात व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको थियो।

यही अवस्थालाई सहज बनाउन सटल बस सेवा विस्तार गरिएको पर्यटन मन्त्रालयका सचिव निरौलाले बताएका छन्। उनले भने, 'विशेषगरी आन्तरिक हवाई यात्रु, पर्यटक, ज्येष्ठ नागरिक तथा पहिलो पटक सुर्खेत आउने यात्रुहरूलाई लक्षित गर्दै यो सेवा प्रभावकारी बनाउन सञ्चालन रुट विस्तार गरिएको छ।

यात्रुहरूले विमानस्थलबाट बजारसम्म पुग्न महँगो निजी सवारी प्रयोग गर्नुपर्ने बाध्यता कम हुने विश्वास हामीले लिएका छौं।' कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरसँग विमानस्थलको पहुँच थप व्यवस्थित हुँदा पर्यटन तथा सेवा क्षेत्रलाई समेत प्रत्यक्ष लाभ पुग्ने स्थानीय व्यवसायीहरूको भनाइ छ।

# अपाङ्गता भएकालाई विपद् पूर्वसूचनाबारे सिकाइँदै

**युग संवाददाता**
**टीकापुर, ७ जेठ ।**

कैलालीको टीकापुर नगरपालिकाले अपाङ्गता (फरक क्षमता भएका) व्यक्तिहरूलाई विपद् पूर्वसूचना तथा विपद् व्यवस्थापनसम्बन्धी जानकारी दिन थालेको छ। पालिकाले पहिलो चरणमा ३५ अपाङ्गता भएका र उनीहरूका सहयोगी गरी ५६ जनालाई विपद्का समयमा पूर्वसूचना कसरी लिने भनी जानकारी दिएको हो।

टीकापुर बाढीजन्य विपद्मा रहेको पालिका हो। यसबाहेक अन्य विपद्का बेला पनि कसरी सुरक्षित रहने, कस्को सहयोग लिने, सूचना कहाँकहाँबाट लिने भन्ने सिकाइएको छ। विपद्सम्बन्धी सूचना स्थानीय पालिकामा रहेको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, मौसम पूर्वानुमान महाशाखा, रेडियो तथा टेलिभिजन, साइरन वा माइकिङ, मोबाइलमा आउने म्यासेज, सामाजिक सञ्जाल, अनलाइन सञ्चारमाध्यम, महिला स्वास्थ्य स्वयंसेविका, बडघर, भल्मन्सा, चिराकी, प्रहरी, टोल विकास संस्था, विपद् व्यवस्थापन समितिमार्फत सूचना लिन सकिने टीकापुर नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले बताए।

"हामीले विपद् पूर्वसूचनाबारे जानकारी दिन नियमित रुपमा काम गर्दै आएको छौं, पूर्वसूचनाले विपद्को क्षति कम गर्न सघाएको छ", उनी भन्छन, "बाढीजन्य विपद्का बेला अपाङ्गता भएकालाई उद्धारमा कठिन हुने भएकाले उहाँहरू स्वयंलाई सचेत गराएमा समयमै उद्धार हुन्छ। उनीहरूका लागि आवश्यक सामग्रीसमयमै सुरक्षित राख्न सकिन्छ।"

यसपालिकामा आगामी वर्षको योजनासमेत निर्माण भइरहेकाले अपाङ्गता भएकाहरूको समावेशीकरण, अपाङ्गमैत्री योजनामा प्राथमिकता दिन उनीहरूसँग छलफल चलाइरहेको चौधरीको भनाइ छ। शिक्षक तथा कैलाली अपाङ्ग सेवा सङ्घमा आबद्ध दुर्गा खत्री विपद्का समयमा अपाङ्गता भएकालाई समयमै सूचना पाउन र सुरक्षित स्थानमा जान कठिन हुने भएकाले सूचनामा पहिलो प्राथमिकता दिन र अपाङ्गमैत्री संरचना बनाउन, सहयोगी वातावरण बनाउनुपर्ने बताउँछन्। "विपद्का समयमा अपाङ्गता भएकाहरूको ज्यान जोखिममा हुन्छ, उद्धार तथा सुरक्षित स्थानान्तरणमा पनि समस्या हुन्छ", उनी भन्छन, "पूर्वसूचना समयमै पाएमा आफ्नो ज्यान जोगाउनुका साथै सहायक सामग्री, आवश्यक सामान, औषधिसमेत सुरक्षित राख्न सहयोग हुन्छ।"

होटल व्यवसायी महासङ्घका केन्द्रीय सदस्य निसात विक्रम बम हरेक संरचना अपाङ्गमैत्री हुनुपर्ने बताउँछन। "विपद्का समयमा अपाङ्गता भएकालाई प्राथमिकता दिएर काम गर्नुपर्ने, सेल्टरहरू पनि अपाङ्गमैत्री बनाउनुपर्ने आवश्यकता छ", उनी भन्छन, "दृष्टिविहीन, श्रवण अशक्त र शारीरिक अपाङ्गता जसले ह्विलचेयरको प्रयोग गर्नुहुन्छ, उहाँहरूलाई विशेष प्राथमिकता दिने योजना हुनुपर्छ।"

## एक...

कारण अपेक्षाअनुसार अघि बढ्न नसकेको दावी गरे।

जिल्ला समन्वय समितिका प्रमुख गंगाराम सुनार, पञ्चपुरी नगरपालिका, बराहताल र चौकुने गाउँपालिकाका प्रमुख तथा निर्देशनालयको संयूक्त अनुगमन टोलीसँगको छलफलमा अनकका प्रतिनिधि राउतले सुरुमा रुख कटानमा समय लागेको र त्यसपछि विद्युत्का पोल व्यवस्थापनको काम थपिएपछि निर्माण प्रक्रिया लम्बिएको दावी गरे। अनुगमन टोलीले यस वर्षको मनसुन अगावै सुर्खेतको पश्चिम क्षेत्रमा यातायात सेवालाई निरन्तर र सहज बनाउन ग्राभेल, नाला लगायतका संरचना तत्काल निर्माण गर्न कम्पनीलाई निर्देशनसमेत दिएको छ।

राउतले निर्माणका लागि आवश्यक ग्राभेल ढुवानीमा समेत समस्या उत्पन्न हुदा काम प्रभावित भएको बताए। साथै, पछिल्लो समयको इन्धन संकटले निर्माण कार्य थप प्रभावित भएको बताउदै उनले भने, 'हामीलाई दैनिक दुई हजार लिटर इन्धन आवश्यक पर्नेमा जम्मा ६ सय लिटर मात्रै उपलब्ध हुँदा नियमित रूपमा काम सञ्चालन गर्न कठिन भएको अवस्था छ।'

निर्माण सामग्रीको मूल्य पनि अत्यधिक बढेकाले योजना प्रभावित भएको उनको दावी छ। 'सोचेअनुसार अवस्था भएको भए अहिलेसम्म ६ किलोमिटर सडक पिच गर्ने तयारी गरेका थियौं,' उनले भने। उनका अनुसार कालोपत्र गर्न क्रसरसमेत सञ्चालनमा ल्याएर बेस मेटेरियल तयारी गरिएको थियो। तर, इन्धन र निर्माण सामग्रीको मूल्य अत्यधिक बढेपछि चालु आर्थिक वर्षभित्र अपेक्षाकृत काम गर्न नसकिने उनले स्वीकार गरे। उनले नजिकिदै गरेको मनुसुनलाई लक्षित गरेर नियमित यातायात सञ्चालनमा ल्याउन बाँकी स्थानमा ग्राभेल, नला तथा कल्भर्ट निर्माण कार्यलाई तिव्रता दिने प्रतिवद्धा जनाए।

अनुसुची १५
(दफा ३३ को उपदफा (२) संग सम्वन्धीत)

**काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**(प्रथम पटक प्रकाशीत मिति : २०८३।०२।०८)**

श्री चुलि ढटमेला सामुदायिक वन उपभोक्ता समूह, शिवालय गा.पा.१, जाजरकोटको वनबाट आ.व. २०८२।०८३ मा उत्पादन भई घाटगद्धिमा राखिएको खोटे सल्लो जातको गोलिया काठ प्रति क्युफिट ए ग्रेडको न्यूनतम रु २५० र वि ग्रेडको न्यूनतम रु १५० रुपैयामा सकार गरि जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धिवाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकाले यो सुचना प्रकाशन गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरीन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना यस चुलि ढटमेला सामुदायिक वन उपभोक्ता समूह, शिवालय गा.पा. १, जाजरकोट तथा डिभिजन वन कार्यालय जाजरकोट र छेडा सव डिभिजन वन कार्यालयको सूचना पाटीमा टाँस गरीएकोछ।

**श्री चुलि ढटमेला सामुदायिक वन उपभोक्ता समूह**
**शिवालय गा.पा. १, जाजरकोट**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# गर्भवतीको हेलिकप्टरमार्फत उद्धार

◣युग संवाददाता
बाजुरा, ७ जेठ ।

जिल्लाको बुढीनन्दा नगरपालिकाको कोल्टीस्थित कोल्टी आधारभूत अस्पतालमा सुत्केरी हुन आएकी हुम्लाकी एक जना गर्भवतीलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ।

हुम्लाको सर्केगाड गाउँपालिका-१ की १९ वर्षीया ललिता नेपाली छ दिनदेखि सुत्केरी व्याथा लागेर बच्चा जन्मिन नसकेपछि उनलाई सेनाको हेलिकप्टरमार्फत उद्धार गरी कर्णाली प्रादेशिक अस्पताल सुर्खेत पठाइएको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ।

कोल्टीमा सुत्केरी हुन आएकी नेपालीको गर्भवतीको अवस्था जटिल भएपछि कोल्टी आधारभूत अस्पतालले सुविधा सम्पन्न अस्पताल लैजान रिफर गरेपछि सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले जानकारी दिए।

उनका अनुसार कोल्टी आधार भूत अस्पतालमा गर्भवतीको अवस्था थप जटिल भएको पत्र आएपछि महिला, बालबालिका मन्त्रालयको समन्वयमा थप उपचारका लागि सुर्खेत पठाइएको हो।

गर्भवतीको स्वास्थ्य अवस्था जटिल बनेपछि तत्काल उद्धार गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। लगातार छ दिनयता सुत्केरी व्यथा लागे पनि बच्चा नजन्मिएको र यौनीबाट लगातार पानी बगीरहेकाले रिफर गरिएको कोल्टी आधारभूत अस्पताल कोल्टीले जनाएको छ।

# ओएनएम सर्वे नहुँदा ‘प्रादेशिक अस्पताल’ समस्यामा

◣युग संवाददाता
दाङ, ७ जेठ ।

दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल हाल ५० शय्याको स्वीकृत छ। विसं २०६३ मा ५० शय्याको स्वीकृत पाएको अस्पतालले त्यसपछि शय्या र जनशक्ति थपको कुनै अनुमति पाएको छैन।

बिरामीको चापलाई मध्येनजर गरी १४१ शय्या सञ्चालनमा छ। यसलाई २०० शय्याको बनाउने भनी अस्पतालले विसं २०८० मा सङ्गठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षण पास गरिदिनका लागि प्रदेश सरकारसमक्ष पत्र पठाएको थियो।

उक्त ओएनएम चार वर्षपछि पुनःअस्पतालमा फिर्ता आएको अस्पतालका प्रशासन प्रमुख हुकुमबहादुर वलीले जानकारी दिए। “बिरामीको चाप धेरै छ, हामीले शय्या बढाएर सेवा दिइरहेका छौँ”, उनले भने, “चार वर्षदेखि हाम्रो ओएमएन सर्वेमा कुनै चासो नहुँदा समस्या भएको हो।”

अस्पताललाई रेफर सेन्टरका रूपमा स्थापित गरिएको अवस्थामा सरकारले ओएनएम पास गर्नेतर्फ ध्यान नदिँदा अस्पताल नियमित र प्रभावकारी रूपमा सञ्चालनमा समस्या हुने गरेको अस्पताल विकास समितिका अध्यक्ष महेन्द्र लामिछानेले बताए। “म पद वहाल भएको भर्खरै हो”, उनले भने, “तर, अहिले जनशक्तिको समस्या देखिएको छ, त्यसलाई समाधान गर्ने विषय मेरो जिम्मेवारीको हो, यसलाई मिलाउनतर्फ पूर्ण प्रतिबद्ध भएर लाग्नेछु।”

दुई सय शय्या बनाउने उक्त सर्वेमा ५१५ जना चिकित्सक तथा कर्मचारीको प्रस्ताव गरिएको थियो। जसमा विशिष्टिकृत सेवा सुरु गर्नेगरी जनशक्ति माग गरिएको थियो। हाल अस्पतालमा ७४ जनाको मात्रै दरबन्दी रहेको अध्यक्ष लामिछानेले जानकारी दिए। जनशक्तिको कमी गर्दा बिरामीको चापलाई थेग्न निकै समस्या हुने गरेको उनले बताए।

# बेलौरीमा अतिक्रमित संरचना हटाइयो

◣युग संवाददाता
कञ्चनपुर, ७ जेठ ।

कञ्चनपुरको बेलौरी नगरपालिकाले धार्मिक तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण बनाइएका अनधिकृत भौतिक संरचनाहरू हटाउने भएको छ।

गरपालिकाले वडा नं ६, रिच्छाहास्थित भुइँया मन्दिरको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गामा प्रचलित कानुन विपरीत व्यक्तिगत प्रयोजनका लागि बनाइएका भौतिक संरचनाहरू हटाइने भएका हुन। नगरपालिकाले अनधिकृत संरचना हटाउनका लागि सात दिने समयसीमा दिएको छ।

नगरपालिकाका अनुसार रिच्छाहा (साविक श्रीपुर गाविस-३) स्थित सिट नं. ०२६०८७१, कित्ता नं. २४१ को सरकारी तथा सार्वजनिक लगतमा रहेको मन्दिरको जग्गा स्थानीयले जबर जस्ती भोगचलन गर्दै भौतिक संरचना निर्माण गरिरहेको उजुरी



परेपछि नगरपालिकाले कानुनी प्रक्रिया अघि बढाएको थियो।

सो विवादका सम्बन्धमा नगरपालिकाको न्यायिक समितिले २०८२ पुस १६ गते नै स्थलगत अनुगमन तथा प्राविधिक नापजाँच र रेखाङ्कन गरी मन्दिरको जग्गा अतिक्रमण भएको पुष्टि गरेको थियो।

त्यसैगरी, २०८२ चैत २३ गते बसेको नगर कार्यपालिकाको बैठकले समेत अतिक्रमित जग्गा खाली गराउन आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज

> “ नगरपालिकाले अनधिकृत संरचना हटाउनका लागि सात दिने समयसीमा दिएको छ।

जोशीद्वारा जारी सूचनामा भनिएको छ, “अतिक्रमणकारी पक्षसँग पटक-पटक मौखिक भेटवार्ता र परामर्श गर्दा समेत संरचना हटाउन आलटाल गरिएको र मन्दिर व्यवस्थापन समितिले घेराबार गर्न लागेको काममा समेत बाधा व्यवधान खडा गरी क्षति पुऱ्याएको पाइएकाले यो कदम चालिएको हो।”

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ले सार्वजनिक र धार्मिक क्षेत्रको जग्गा संरक्षण गर्ने स्पष्ट अधिकार तथा दायित्व स्थानीय तहलाई सुम्पिएको स्मरण गराउँदै नगरपालिकाले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निर्माणाधीन भौतिक संरचनाहरू आफ्नै खर्चमा हटाइ जग्गा खाली गर्न निर्देशन दिएको छ।

तोकिएको म्यादभित्र संरचना नहटाइएमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र स्थानीय सुरक्षा निकायको सहयोगमा नगरपालिका आफैँले ती संरचनाहरू भत्काउने चेतावनी दिएको छ। त्यसरी संरचना हटाउँदा लाग्ने सम्पूर्ण खर्च र भएको क्षतिसमेत सम्बन्धित व्यक्तिबाटै सरकारी बाँकी सरह असुलउपर गरिने ब्यहोरा सूचनामा उल्लेख छ।

# महिलाहरुलाई बीमाबारे सचेतना

◣युग संवाददाता
सुर्खेत, ७ जेठ ।

बीमा क्षेत्रको नियमनकारी निकायको रुपमा स्थापित नेपाल बीमा प्राधिकरणले सुर्खेतस्थित महिलाहरुसँग बीमा सम्बन्धी अन्तरक्रिया गरेको छ। बीमा सम्बन्धी सचेतनासँगै महिलाहरुलाई जागरुक बनाउन अन्तरक्रिया गरिएको हो। सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेतसँगको समन्वयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको हो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विपना पन्थीले बीमा सम्बन्धी कानूनी प्रावधान, बीमाका किसिम, बीमाको आधारभूत सिद्धान्तबारे प्रस्तुतीकरण गरेकी थिइन्।

बीमा विपतिको वित्तीय सारथी रहेको उनको भनाई छ। जोखिमको रक्षावरण, आर्थिक क्षतिपूर्ति, बचतमा प्रोत्साहन, आयकरमा छुट, आर्थिक विकासमा सहायता, आर्थिक स्थिरता र पुर्ननिर्माण वित्तीय स्रोतको सुनिश्चितता जस्ता विषयले बीमाको महत्व उच्च रहेको सहायक निर्देशक पन्थीले बताइन्।



प्राधिकरणको कर्णाली प्रदेश कार्यालय प्रमुख निलप्रसाद लामिछानेले बीमालेखहरुबारे सहभागिलाई जानकारी गराए। कार्यालय प्रमुख लामिछानेले कृषि तथा पशुपंक्षी बीमा, प्राकृतिक प्रकोप दुर्घटना बीमा, सम्पती बीमा, घर तथा भवनको बीमा, दुर्घटना बीमा, स्वास्थ्य बीमा, सवारी बीमा, लघु बीमाबारे विस्तृत रुपमा जानकारी गराए। उनले जोखिम हस्तान्तरणको सशक्त माध्ययम नै बीमा रहेको उल्लेख गरे। ‘बीमामार्फत धनि हुने होइन भवितव्यबाट हुनसक्ने गरिबी रोक्न सकिन्छ,’ प्रमुख लामिछानेले भने।

वाम सुर्खेतका परियोजना संयोजक हिक्मतबहादुर नेपालीले महिला अधिकारमा आधारित संस्थाले महिलाहरु परिवारको महत्वपूर्ण अधार रहेकोले महिलाहरुको आर्थिक सुरक्षा, जोखिम बहन र आत्मनिर्भरता र आत्मविश्वास बढाउन बीमा सचेतना कार्यक्रमले सहयोग पुग्ने बताए। एक जना सचेत महिला नै सुरक्षित परिवारको आधार रहेको उनको भनाई थियो।

संस्थाका अध्यक्ष देवी पौडेलले बीमा सम्बन्धी जानकारीमुलक कार्यक्रमले भविष्यमा आईपर्ने ठूलो संकट टार्न मद्धत गर्ने बताइन्। बीमा भविष्य सुरक्षा योजना रहेको भन्दै उनले बीमाबारे टोलस्तरसम्म सकारात्मक सन्देश लैजान आग्रह गरिन्। अन्तरक्रियामा समुदायमा आधारित संस्था, सहकारी, नागरिक समाज, किशोरी तथा अधिकारकर्मीहरुको सहभागिता थियो।

# विश्वविद्यालयको उपकुलपतिका लागि प्राप्त आवेदनमाथि छानबिन सुरु

◣युग संवाददाता
काठमाडौँ, ७ जेठः।

विभिन्न आठ विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि परेका कूल २१८ उम्मेदवारको आवेदनमाथि छनोट तथा सिफारिस समितिले अध्ययन सुरु गरेको छ। उपकुलपति नियुक्तिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको छनोट तथा सिफारिस समितिले इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन गत वैशाख २५ गते आव्हान गरेको थियो। उक्त सूचना बमोजिम सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा ५० जनाले आवेदन दिएका छन्।

पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयका लागि ३८/३८, सुदूरपश्चिम विश्वविद्यालयका लागि १९, मध्यपश्चिम विश्वविद्यालय २०, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि ११, कृषि तथा वन विज्ञान विश्वविद्यालयका लागि १५, राजर्षि जनक विश्वविद्यालयका लागि २७ जनाले आवेदन दिएका मन्त्रालयले जनाएको छ। आवेदकहरूको कागजात अध्ययन (छानबिन) गरी स्वीकृत उम्मेदवारको सूची प्रकाशन गरेर छनोट प्रक्रिया आरम्भ गर्ने तयारी समितिले गरेको छ।

**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।